# स्थानीय राजपत्र

रावा बेसी गाउँपालिकाद्धारा प्रकाशित

| खण्ड ४ | संख्या १ | मितिः २०७७/४/३२ |
| --- | --- | --- |

भाग २

**रावा बेसी गाउँपालिका**

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन २०७४को दफा १०२ बमोजिम रावा बेसी गाउँपालिकाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरीएको छ ।

## रावा बेसी गाउँपालिकामा विज्ञान र गणित विषयका उम्मेदवारलाई बिना अध्यापन अनुमति पत्र शिक्षक करारमा व्यवस्थापन गर्ने सम्बन्धी

## कार्यविधि, २०७७

रावा बेसी गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र शैक्षिक गुणस्तरको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको शिक्षंक करार दरवन्दिको अधिनमा विज्ञान र गणित विषयको रिक्त पदमा करार नियुक्तिका लागि अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरुलाई समेत सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" को अधिनमा रही तयार गरिएको "गाउँ शिक्षा नियमावली २०७४" को २५ (क) द्वारा गठित गाउँ शिक्षा समितिको निर्णयानुसार गाउँ कार्यपालिकामा कार्यविधि पेश गरी रावा बेसी गाँउ कार्यपालिकाले मिति २०७७/०४/३२ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम **"विज्ञान र गणित विषयका उम्मेदवारलाई बिना अध्यापन अनुमति पत्र शिक्षक करारमा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७"** रहेको छ ।

ख. यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क. "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

ख. "कार्यविधि" भन्नाले रावा बेसी गाउँपालिकामा "विज्ञान र गणित विषयका उम्मेदवारलाई बिना अध्यापन अनुमति पत्र शिक्षक करारमा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७" सम्झनु पर्दछ ।

ग. "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ. "अध्यापन अनुमति पत्र" भन्नाले शिक्षक सेवा आयोग नियमावली २०७१ को १० च (१) बमोजिम शिक्षण पेशामा आवद्द हुन चाहने उम्मेदवारका लागि आवश्यक कागजात सम्झनु पर्दछ ।

रेश्त बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

ङ. "गाउँ शिक्षा समिति" भन्नाले गाउँ शिक्षा नियमावली २०७४ को दफा २४ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

च."शिक्षक तथा कर्मचारी छनौट समिति" भन्नाले गाउँ शिक्षा नियमावली २०७४ को दफा ५४ बमोजिम सामुदायिक विद्यालयमा करारमा शिक्षक वा कर्मचारी नियुक्तिका लागि सिफारीस गर्न गठित समिति भन्ने सम्झनुपर्छ ।

छ."करार शिक्षक" भन्नाले समुदायद्वारा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी पदपूर्ति नहुञ्जेल सम्मका लागि स्थायी पदपूर्ति नहुञ्जेलसम्मका लागि बढीमा १ वर्ष सम्मका लागि नियुक्त हुने अस्थायी शिक्षक सम्झनु पर्छ ।

३. **कार्यविधि लागू हुने क्षेत्र**

विद्यालयले शिक्षण सेवासँग सम्बन्धित अध्यापन अनुमति पत्र नभएका विज्ञान र गणित विषयमा मावि निमावि तहको न्यूनतम योग्यता पुगेका करार शिक्षक पदमा उम्मेदवार हुने यस कार्यविधि बमोजिम सोही पदमा सोही विषयको स्थायी शिक्षकको पदपूर्ति नहुञ्जेल सम्मका लागि बढिमा १ वर्षका करारमा राख्न सक्नेछः

४. **छनौट सम्बन्धी व्यवस्थाः** दफा ३ बमोजिमका विद्यालयले करारमा राख्ने प्रयोजनको लागि उम्मेदवार माग गर्ने विज्ञापनमा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम उल्लेख गर्नु पर्नेछः

(१) निमावि मावि तहको विज्ञान र गणित विषयको विज्ञापन गर्दा पहिलो पटकको हकमा उल्लेखित विषयका लागि न्यूनतम योग्यता सहितको अध्यापन अनुमति पत्र भएको उम्मेदवार माग गर्दा कसैको पनि आवेदन नपरेको हकमा दोस्रो पटक विज्ञापन गर्दा प्राथमिकीकरणका आधारमा पहिलो शिक्षक सेवा आयोगको करारसूचिमा रहेका, दोस्रो अध्यापन अनुमति पत्र र तेस्रो अध्यापन अनुमति पत्र नभएका भन्ने आशय खुलाएर कम्तीमा १५ (पन्ध्र) दिनको पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

रेखा बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

(२) उपदफा १ बमोजिम पहिलो र दोस्रो किसिमका को उम्मेदवारहरुको आवेदन नपरेमा मात्रै तेस्रो प्राथमिकताको उम्मेदवारलाई परीक्षाको प्रक्रियामा समावेश गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छनौटसम्बन्धि अन्य प्रक्रिया गाउँ शिक्षा नियमावलीले तोके बमोजिम हुनेछ ।

५. **विविधः** यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि तथा प्रचलित कानूनसँग नबाझिने गरी गाउँ शिक्षा समितिको निर्णय मार्फत गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

प्रमाणिकरण मिति-२०७७/४/३२

आज्ञाले,
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत